# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, कात्तिक २१ गते २०४६ साल (संख्या २९

## भाग ३

श्री ५ को सरकार

### भूमिसुधार तथा व्यवस्था मन्त्रालयको

### सूचना १

**जग्गा (नाप-जाँच) (पाचौं संशोधन) नियमावली, २०४६**

जग्गा (नाप-जाँच) नियमावली, २०३२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, जग्गा (नाप-जाँच) ऐन, २०१९ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "जग्गा (नाप-जाँच) (पाँचौं संशोधन) नियमावली, २०४६" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. जग्गा (नाप-जाँच) नियमावली, २०३२ को नियम ८ मा संशोधनः जग्गा (नाप-जाँच) नियमावली, २०३२ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ८ को उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छः–

"(२क) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकी दिएको क्षेत्रको लागि जग्गाधनी दर्ता प्रमाण पूर्जाको ढाँचा अनुसूची ५ बमोजिम हुनेछ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीमा नियम १२क. थपः मूल नियमावलीको नियम १२ पछि देहायको नियम १२क. थपिएको छः–

"१२क. अनुसूचीमा हेरफेर गर्ने अधिकारः श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा हेरफेर गर्न सक्नेछ।"

४. मूल नियमावलीमा अनुसूची ५ थपः मूल नियमावलीको अनुसूची ४ ग. पछि यसैसाथ संलग्न अनुसूची ५ थपिएको छ।

अनुसूची–५

(नियम ८ को उपनियम (२क) संग सम्बन्धित)

श्री ५ को सरकार

भूमिसुधार तथा व्यवस्था मन्त्रालय

जग्गाधनी नम्बरः–

औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

फोटो
(श्वेत श्याम)

..................

फोटो प्रमाणित गर्नेको दस्तखत
(फोटोमा समेत पर्ने गरी)

जग्गाधनीको नाम थरः–

ठेगाना.............अञ्चल..............जिल्ला..........इलाका

....................नगर। गाउँ पञ्चायत वडा नं..........

जग्गाधनीको बाबु। पतिको नाम थरः–

बाजेको नाम थरः–

नागरिकता नम्बर र मितिः–

नागरिकता प्रदान गर्ने कार्यालयः–

जग्गावालाको दस्तखतः– (लेखात्मक)

जग्गाधनी प्रमाणपत्र दिने कार्यालय

(कार्यालयको छाप)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३०६

श्री ५ को सरकार

## भूमिसुधार तथा व्यवस्था मन्त्रालय

### जग्गाधनी दर्ता प्रमाण पूर्जा

| जिल्ला | पञ्चायत | प्रमाण संकेत | वडा नं. र नक्सा | कित्ता नं. | विवरण | जग्गाधनीको हकहिस्सा | मोहीको नाम थर ठेगाना | किसिम | क्षेत्र फल | मोठ नं. पाना नं | कैफियत | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |

(आवश्यकता हेरी पाना थप गर्ने)

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

300

## जग्गा धितो रहेको विवरण

| धितो राखेको मिति | धितो राखेको सम्पत्ति |  |  | धितो लिने कार्यालयको नाउँ | ऋणको उद्देश्य र रकम | धितो लिने अधिकृत को दस्तखत | धितो लिने कार्यालयको छाप | फुकुवा मिति | फुकुवा गर्नेको दस्तखत र सही |
|---|---|---|---|---|---|---|---|---|---|
|  | जिल्ला | पंचायत | कित्ता |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |  |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## ध्यान दिनुपर्ने कुराहरू

१. प्रत्येक आर्थिक वर्षको माघ मसान्तसम्ममा मालपोत बुझाएमा बुझाउनु पर्ने मालपोतमा ५% (प्रतिशत) छूट दिइनेछ ।

२. मालपोत प्रत्येक आर्थिक वर्ष जेष्ठ मसान्तसम्ममा बुझाई सक्नुपर्छ ।

३. मालपोत नबुझाएमा जग्गा रोक्का हुन सक्छ ।

४. प्रत्येक आ.व.को असार १५ गतेसम्ममा मालपोत बुझाएमा ५% (प्रतिशत) थप शुल्क लाग्ने र असार १५ पछि असार मसान्तसम्ममा मालपोत बुझाएमा १५% (प्रतिशत) थप शुल्क लाग्छ ।

५. म्यादभित्र मालपोत नबुझाएमा जग्गा लिलाम बिक्री हुन सक्छ ।

६. मालपोत बुझाउँदा बुझाउनु पर्ने मालपोतको १०% (प्रतिशत) स्थानीय विकास शुल्क पनि बुझाउनुपर्छ ।

७. जग्गा धितो दिंदा जग्गाधनी प्रमाण पूर्जा बुझाउनु पर्दैन । धितो लिने कार्यालयले धितो रहेको जग्गाको विवरण यसै ज.ध.प्र. पूर्जामा उल्लेख गरी ज.ध.प्र. पूर्जा जग्गावालालाई नै जिम्मा दिनेछ ।

## सूचना २

श्री ५ को सरकारले जग्गा (नाप-जाँच) नियमावली, २०३२ को नियम ८ को उपनियम (२ क) ले दिएको अधिकार प्रयोग गरी निम्न जिल्लाका निम्न नगर पञ्चायत क्षेत्रहरूको लागि मिति २०४६।७।२२ देखि जग्गाधनी दर्ता प्रमाण पूर्जाको ढाँचा उक्त नियमावलीको अनुसूची ५ बमोजिम हुने गरी तोकेको छ ।

| सि.नं. | जिल्ला | नगर पञ्चायत |
|---|---|---|
| १. | मोरङ | विराटनगर नगर पञ्चायत |
| २. | पर्सा | वीरगञ्ज नगर पञ्चायत |
| ३. | कास्की | पोखरा नगर पञ्चायत |
| ४. | बाँके | नेपालगञ्ज नगर पञ्चायत |
| ५. | कैलाली | धनगढी नगर पञ्चायत |
| ६. | काठमाडौं | काठमाडौं नगर पञ्चायत |
| ७. | ललितपुर | ललितपुर नगर पञ्चायत |
| ८. | भक्तपुर | भक्तपुर नगर पञ्चायत |

आज्ञाले,
माधवलाल तवदार
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३०५
मुद्रण विभाग, सिंहदरबार

### श्री ५ को सरकार

## वाणिज्य मन्त्रालयको सूचना

नेपाल व्यापार प्रवर्द्धन समिति (गठन) आदेश, २०२७ को दफा २ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल व्यापार प्रवर्द्धन समितिको सदस्यमा देहायबमोजिम हेरफेर तथा थपघट गरेको छ।

(क) माननीय वाणिज्य राज्यमन्त्री – अध्यक्ष
(ख) श्री गभर्नर, नेपाल राष्ट्र बैंक – सदस्य
(ग) श्री सचिव, वाणिज्य मन्त्रालय – सदस्य
(घ) श्री सचिव, उद्योग मन्त्रालय – सदस्य
(ङ) श्री सचिव, कृषि मन्त्रालय – सदस्य
(च) श्री सचिव, वन तथा भू-संरक्षण मन्त्रालय – सदस्य
(छ) श्री सचिव, अर्थ मन्त्रालय – सदस्य
(ज) श्री अध्यक्ष, नेपाल उद्योग वाणिज्य संघ – सदस्य
(झ) श्री महाप्रबन्धक, व्यापार प्रवर्द्धन केन्द्र – सदस्य-सचिव

आज्ञाले,
दामोदरप्रसाद गौतम
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

390